# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चौकुने गाउँपालिका
## सुर्खेत




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चौकुने गाउँपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९
## चौकुने गाउँपालिका
## सुर्खेत

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पु¥याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

चौकुने गाउँपालिका

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय ....

पत्र संख्याः २०७८।७९
च.नं. ९४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
चौकुने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सुर्खेत ।

**कैफियत सहितको राय**

हामीले चौकुने गाउँ पालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँ पालिकाको महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ९ करोड ३९ लाख २३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४४ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड २१ लाख २३ हजार, नियमित गर्नुपर्ने रु २ करोड ६७ लाख ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २० करोड ९३ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३० करोड ३२ लाख ४४ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ
३. गाउँलिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण

प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

# चौकुने गाउँपालिका

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | १९२ | ९३९२३ | ० | ० | ०० | ४७ | १९२ | ९३९२३ | ४४६४ | २६७७० | ६२१२३ | ० | ० | ८८८९४ | ५६४ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | १९.२ | अशुल भइ दाखिला भएको | ३०००० |
| | २० | अशुल भइ दाखिला भएको | १७४३२ |
| | २१.२ | अशुल भइ दाखिला भएको | १०००० |
| | ३७ | अशुल भइ दाखिला भएको | १८०००० |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चौकुने गाउँपालिका, सुर्खेत | २०९३२१ | ० | ० | २०९३२१ | ० | ९३९२३ | ३०३२४४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चौकुने गाउँपालिका, सुर्खेत , चौकुने गाउँपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गगन सिंह पाण्डे | २०७८-७-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण बास्कोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९३,६८५,८७१.९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,४६,८४,८५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,७५,७९,००० | **चालु खर्च** | ३१,४१,४०,४१९ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,७६,२३,५११ | **पूँजीगत खर्च** | १९,५४,३४,७०५ |
| **राजश्व बाँडफाँट** | ८,००,३७,३३८ | **वित्तीय/अन्य व्यवस्था** | १९,४५,४८,०६३ |
| **आन्तरिक आय** | ४४,८८,७६१ | | |
| **अन्य आय** | २१,०६,५९,०९३ | | |
| **कुल आय** | ७२,०३,८७,७०३ | **कुल खर्च** | ७०,४१,२३,१८७ |
| **बाँकी मौज्दात** | | ७,०९,४९,३७५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, ३८१.०३ वर्ग किलोमिटर क्षेत्रफल तथा २५ हजार २ सय ४० जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |

३

**वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ६३७४२००७१ | ५९७६८५५०० | | ५९७६८५५०० |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५६९३४५३४४ | ५३९७२८६११ | ० | ५३९७२८६११ |
| ११००० कर | ९९१२१७९५ | ८३१२१५४८ | ० | ८३१२१५४८ |
| १३००० अनुदान | ४३८४३५०१२ | ४२५२०२५११ | ० | ४२५२०२५११ |
| संघीय सरकार | ३६८६१३००० | ३६७५७९००० | ० | ३६७५७९००० |
| प्रदेश सरकार | ६९८२२०१२ | ५७६२३५११ | ० | ५७६२३५११ |
| १४००० अन्य राजस्व | ३१७८८५३७ | ३१४०४५५२ | ० | ३१४०४५५२ |
| ख. अन्य प्राप्ति | ६८०७४७२७ | ५७९५६८८९ | | ५७९५६८८९ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ६८०७४७२७ | ५५५३०८९२ | ० | ५५५३०८९२ |
| धरौटी | ० | २४२५९९७ | ० | २४२५९९७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | ६६२३३९०४८ | ५६४९४३०३५ | | ५६४९४३०३५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५९४२६४३२१ | ५०९५७५१२५ | | ५०९५७५१२५ |
| २१००० पारिश्रमिक / सुविधा | १८२२०२७२१ | १६४९०१७८३ | ० | १६४९०१७८३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १३१७०१४८३ | १२८८८८८५० | ० | १२८८८८८५० |
| २५००० सहायता (Subsidy) | १४९१०००० | १३४७१८६८ | ० | १३४७१८६८ |
| २७००० सामाजिक सुरक्षा | १२६०८४५६ | ५११६५१८ | ० | ५११६५१८ |
| २८००० अन्य खर्च | १९५३००० | १७६१४०० | ० | १७६१४०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २५०८८८६६१ | १९५४३४७०५ | ० | १९५४३४७०५ |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | ६८०७४७२७ | ५५३६७९११ | | ५५३६७९११ |
| कोषहरु | ६८०७४७२७ | ५५२२६९९७ | ० | ५५२२६९९७ |
| धरौटी | ० | ६४४४५८ | ० | ६४४४५८ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -५०३५४५ | | -५०३५४५ |
| ङ. यो वर्षको बचत (न्युन) | -२४९१८९७७ | ३२७४२४६५ | | ३२७४२४६५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २१९४२३९४ | | २१९४२३९४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -२४९१८९७७ | ५४६८४८५९ | | ५४६८४८५९ |
| | | | | |
| बैंक तथा नगद बाकी | | ७०९४९३७५ | | ७०९४९३७५ |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३१४०१०१२३ | ९९६९१२१७.७३ | ९९६९१२१७.७३ | ९९६९१२१७.७३ |
| ३७०००११६४ | ३९००३००० | २३९९२९२४ | २३९९२९२४ |
| जम्मा | १३८६९४२१७.७३ | १२३६८४१४१.७३ | १२३६८४१४१.७३ |

**प्रदेश लेखा ईकाई कार्यालय बाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३०१००१०२४ | २६६०७००० | २६६०७००० | २६६०७००० |
| ३१४०००११३ | ४००००० | २५०००० | २५०००० |
| ३०१००१०२३ | १०५००० | १०५००० | १०५००० |
| ३१४०००११४ | ४५०००० | ४५०००० | ४५०००० |
| ३९१०००११३ | ५००००० | ५००००० | ५००००० |
| जम्मा | २८०६२००० | २७९१२००० | २७९१२००० |

| | | | | |
|---|---|---|---|---|
| ३.१ | | | **सञ्चित कोषमा स्थानान्तरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. १,१७,५५८।-, पुँजीगत खर्च खातामा रु. ७७,९१६।-, तथा प्रकोप व्यवस्थापन कोष खातामा रु. २९,०९४।- समेत गरी रु. २,२४,५६७।- मौज्दात राखेको पाईयो । | |

<table>
<tr><td>३.२</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. ५,०१,७९,१४९।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३,५१,६६,१३४।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १,५०,१३,०१५।- घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.</td><td>१५,०१३,०१५</td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९,९६,९१,२१७।७३ , एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,३९,९२,९२४।-, कर्णाली प्रदेश योजना आयोग को रु. ५,००,०००।-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ४,५०,०००।-, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु. १,०५,०००।-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. २,५०,०००।-, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु. २,६६,०७,०००।- समेत गरी रु. १५,१५,९६,१४१।७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा म.ले.प.फा.नं. २७२ को अनुसुची २४ अनुसार स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार श्रेस्तामा भन्दा बैंकमा रु. २,८०,९५,१५६।- घटि रकम देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्ने रु.
<table>
<tr><td>सि.नं.</td><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार बाँकी</td><td>बैंक स्टेटमेण्ट अनुसार बाँकी</td><td>फरक</td></tr>
<tr><td>१</td><td>सञ्चित कोष</td><td>४२३७५५०९</td><td>३१४२४२४६</td><td>१०९५१२६३</td></tr>
</table></td><td>२८,०९५,१५६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २ | चालु खर्च खाता विजोर वर्ष | ९४२१६०७ | ११७५५८ | ९३०४०४९ |
| ३ | पूँजीगत खर्च खाता विजोर वर्ष | ६१८२७२५ | ७७९१६ | ६१०४८०९ |
| ४ | विविध खर्च खाता | ४२००४३२.९३ | ३०७८५६७.०२ | ११२१८६६ |
| ५ | धरौटी खाता | ८७४०००७.८७ | ८१२६८३८.८२ | ६१३१६९ |
| ६ | आन्तरिक राजस्व खाता | ० | २०८९१८ | २०८९१८ |
| ६ | प्रकोप व्य कोष खाता | २९०९४ | २९०९४ | ० |
| | जम्मा रु | | | २८०९५१५६ |

**३.५**

**फरक हिसाब –** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२,८८,६०,४०२।-, यस वर्षको प्राप्ति रु. १२,२७,०२,२०४।-, यस वर्षको भुक्तानी रु.१२,८३,४४,८२२।- र बैङ्क मौज्दात रु.६९,५३,२६८।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २१९४२३९४ | ५९७६८५५०० | ५६४९४३०३५ | ७०९४९३७५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>५०८०२७९६.२</td><td>७२०३८७७०४</td><td>६९३२८७८५६.८८</td><td>७७९०२६४२.८३</td></tr>
<tr><td>फरक</td><td>२८८६०४०२</td><td>१२२७०२२०४</td><td>१२८३४४८२२</td><td>६९५३२६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः<br><br>
अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा संघीय सशर्त तर्फको रु. २,०९,६५,२९७।- र विशेष अनुदान तर्फको रु. २२,३९,९३१।- खर्च नभई बाँकी रहेको जम्मा रु. २,३२,०५,२२८।– मिति २०७९।४।१३ मा फिर्ता गरेको पाइयो । तोकिएको समयमा अनुदान फिर्ता गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणालीः<br><br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>
:<br><br>
· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>
· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>
· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>
· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | · वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्ने अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक प्रशासन कमजोर भई कार्य प्रभावकारीतामा असर पर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रमः** | |
| ६.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, | |

<table>
<tr><td></td><td></td><td></td><td>योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>क्र.स</td><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४४४२५६६०</td><td>३४४०१५५९</td><td>७</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>११०८००५००</td><td>१०२२६३९३७</td><td>२०</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३३५२५७०४१</td><td>२८३९०१६२२</td><td>५६</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>६८६२३९९</td><td>५२०५६२८</td><td>१</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>९६९१८७२१</td><td>८३८०२३७८</td><td>१६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५९४२६४३२१</td><td>५०९५७५१२५</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रकम रु. ५०,९५,७५,१२५।- मा सबैभन्दा बढी सामाजिक विकास मा ५६ प्रतिशत र सबैभन्दा कम १ प्रतिशत संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा कम र वातावरण तथा विकास क्षेत्रमा शून्य विनियोजन तथा खर्च भएको देखियो ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट</td><td></td></tr>
</table>

स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका,लागत निष्प्रभावी योजनाहरु संचालन गरेको पाइयो । पालिकाले यस वर्ष संचालन गरेका योजना स्थिति देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५ लाख देखि १० लाख सम्म का | रु १० लाख भन्दा बढीको | रु ५० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| २७२ | ६८ | ४७ | ३४५ | ९७ | १३ | ८४२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि ५० लाख सम्मका जम्मा ८४२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २७२ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने र दीर्घकालिन असर समेत नदेखिने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था देखिएकोले योजना छनौट एवं कार्यान्वयनमा सुधार गर्नुपर्दछ ।

६.४ **त्रैमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च |
|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>प्रथम त्रैमासिक</td><td>दोस्रो त्रैमासिक</td><td>तेस्रो त्रैमासिक</td><td>चौथो त्रैमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>३१४१४०४१९.४४</td><td>५२८७०१३२.५४</td><td>५२३४३६२५.२२</td><td>६६४६१४५५.६८</td><td>१४२४६५२०६</td><td>१११०२२६१०.१८</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>१९५४३४७०५.२३</td><td>९४३७६५४.२३</td><td>३०१०५३९१.४१</td><td>४१५६३६९१.६९</td><td>११४३२७९६७.९</td><td>७०६५०७१६.६८</td></tr>
<tr><td colspan="2">जम्मा खर्च</td><td>५०९५७५१२४.६७</td><td>६२३०७७८६.७७</td><td>८२४४९०१६.६३</td><td>१०८०२५१४७.३७</td><td>२५६७९३१७४</td><td>१८१६७३३२६.८६</td></tr>
<tr><td colspan="3">जम्मा खर्चको तुलनामाः</td><td>१२.२३</td><td>१६.१८</td><td>२१.२</td><td>५०.३९</td><td>३५.६५</td></tr>
</table>
<br>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ५० करोड ९५ लाख ७५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६ करोड २३ लाख हजार अर्थात १२।२३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ८ करोड २४ लाख ४९ हजार अर्थात १६।१८ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १० करोड ८० लाख २५ हजार अर्थात २१।२ प्रतिशत, चौथो त्रैमासिकमा रु. २५ करोड ६७ लाख ७९ हजार अर्थात ५०।३९ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. १८ करोड १६ लाख ७३ हजार अर्थात ३५।६५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री निर्मला मगरले मिति २०७८।०३।१० गते रु.५९ करोड ४२ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६.६ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३९ लाख २४ हजार ८ सय १ राजस्व बाँडफाँट र अनुदानबाट रु.८ करोड ६२ लाख १८ हजार समेत रु.९ करोड १ लाख ४२ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३१ करोड ४१ लाख ४० हजार र पूँजिगत तर्फ रु. १९ करोड ५४ लाख ३४ हजार समेत रु. ५० करोड ९५ लाख ७५ हजार १२५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।७७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १ करोड १४ लाख १० हजार ५ सय खर्च भएको छ जुन आन्तरिक आयको २९०।७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६३ प्रतिशत चालु र ३७ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६.७ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| ७.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २९ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य | |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकृत सहित १० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७.२ | | | **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)(२) बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु. २,९७,९७,०००।- तलब खर्च लेखेको पाईयो । तलवी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुन सकेन । | |
| ७.३ | | | **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ४०,४१,८००।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य वन्द गरी नियमित भएको प्रमाण पेश गर्नुपर्ने रु. | ४,०४१,८०० |

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| कम्प्युटर अपरेटर | १ | ४०२६०० |
| लेखा सहायक | १ | ४०२६०० |
| प्रा स | १ | ४०२६०० |
| हे अ | १ | ४०२६०० |
| स इ | १ | ४०२६०० |
| अ स इ | १ | ४०२६०० |
| स म वि नि | १ | ४०२६०० |
| खा पा स टे | १ | ४०२६०० |
| अ न मी | ५ | ८२१००० |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा रु \| ४०४१८०० | |
| ७.४ | | | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.१.५ बमोजिम सार्वजिनक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महंगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे वापतको भत्ता लगायत कुनै प्रकारको भत्ता प्रदान नगर्ने उल्लेख छ । स्थानीय तहले कानून नबनाई अर्थमन्त्रालयबाट स्वीकृत नलिई कर्मचारीलाई रु. २ लाख ३५ हजार प्रोत्साहन भत्ता खर्च लेखी आर्थिक व्ययभार बढ्न गएको रु. | २३५,००० |
| ८ | | | **आन्तरिक लेखापरीक्षणः**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । साथै प्रत्येक स्थानीय तहले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्षको आन्तरीक लेखा परिक्षण गराएको छैन । सामाजिक सुरक्षा लगायतको कोलेनिका तथा प्रदेश लेखा इकाई कार्यालय र आलेप शाखा बाट समेत वितीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँट र आन्तरीक आयबाट भएका आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **धरौटी फिर्ताः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले रुमानी निर्माण सेवाको धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु. | १२३,४९५ |

<table>
<tr><td>१०</td><td></td><td></td><td>पेश्की व्यवस्थापनः</td><td></td></tr>
<tr><td>१०.<br>१</td><td></td><td></td><td>अग्रिम पेश्की जमानतः- सार्वजनिक खरिद ऐनको खरिद नियमावली, २०६४ को नियम ११३(३) बमोजिम पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट त्यस्तो पेश्की रकम र फस्र्यौट हुने समयअवधि खाम्ने गरी पेश्की वैंक जमानत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले लगाम खानेपानी आयोजनाको लागि निर्माण व्यवसायी रविन्द्र निर्माण सेवाको कृषि विकास बैंक म्याद २०७९।१।२५ मा सकिएको छ । तर पेश्की हाल सम्म पनि फस्र्यौट नगरेकोले पेश्की रकम जोखिममा परेको छ । उक्त पेश्की अविलम्व फस्र्यौट गर्नुपर्ने देखिएको रु.</td><td>७४०,०००</td></tr>
<tr><td>१०.<br>२</td><td></td><td></td><td>नियम विपरीत पेश्की: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क (१) सार्वजनकि निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने उल्लेख छ । पालिकाले सम्झौताको कुल अंक समेत नखुलाई तथा अग्रिम बैंक जमानत समेत नलिई निम्नानुसारको पेश्की दिएको देखिएकोले पेश्की रकमलाई जोखिममा राख्ने प्रमुख प्रशासकिय अधिकारीलाई जिम्मेवारी वनाई नियमित गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>भौ.नं. मिति</td><td>फर्मको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी</td></tr>
<tr><td>१</td><td>४५-२०७८।९।१</td><td>एल जि निर्माण सेवा</td><td>सडक निर्माण र मर्मत</td><td>२००००००</td></tr>
<tr><td>२</td><td>४६-२०७८।९।१</td><td>हरि नरेश एण्ड खड्का निर्माण सेवा</td><td>सडक मर्मतमा टिप्पर भाडा</td><td>३२५०००</td></tr>
<tr><td>३</td><td>४७-२०७८।९।१</td><td>त्रिमुर्ती निर्माण सेवा</td><td>jcb मर्मत</td><td>७०००००</td></tr>
<tr><td>४</td><td>४८-२०७८।९।१</td><td>कृष्ण एण्ड तिर्सना कन्स्ट्रक्सन</td><td>ब्याकहो लोडर भाडा</td><td>८६००००</td></tr>
<tr><td>५</td><td>४९-२०७८।९।१</td><td>उदय सागर निर्माण सेवा</td><td>टिप्पर भाडा</td><td>४०००००</td></tr>
</table></td><td>४,६१०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>६</td><td>५०-२०७८।९।१</td><td>कृष्ण विसाल कन्स्ट्रक्सन प्रा लि</td><td>टिप्पर भाडा</td><td>३२५०००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४६१००००</td></tr></table> | |
| १०.३ | | | **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार रु. २६,०७,९७७।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौट गर्नुपर्दछ ।<br><table><tr><td>पेश्कीको विवरण</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>म्याद ननाघेको</td></tr><tr><td>हेभी ईक्विपमेन्ट मर्मत सम्भार, पारीश्रमिक, भत्ता तथा ईन्धन खरिद</td><td>एल.जि.निर्माण सेवा</td><td>१२४७९७७</td></tr><tr><td>हेभी ईक्विपमेन्ट मर्मत सम्भार, पारीश्रमिक, भत्ता तथा ईन्धन खरिद</td><td>उदय सागर निर्माण सेवा प्रा.ली.</td><td>४०००००</td></tr></table> | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भट्टेसेरा लिफ्ट खानेपानी आयोजना</td><td>जि. एस. इन्जिनियरिङ.ग एण्ड बिल्डर्स</td><td>९६००००</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>२६०७९७७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.<br>४</td><td></td><td></td><td>
म्याद नाघेको पेश्की : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की फस्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फस्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% का दरले ब्याज लगाई समेत असूल गरिने भन्ने उल्लेख छ । निम्न अनुसार पेश्की फस्र्यौट नभई बाँकी रहेकाले नियमानुसार असुल फस्र्यौट हुनुपर्ने रू.
<table>
<tr><td>पेश्कीको विवरण</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>म्याद नाघेको</td></tr>
<tr><td>पशु आहारा मिसन कार्यक्रम</td><td>सन्तोष कुमार गिरी</td><td>३९४०००</td></tr>
<tr><td>घाँस खरिद</td><td>सन्तोष कुमार गिरी</td><td>१०००००</td></tr>
<tr><td>वर्षे घाँस विउ वेर्ना तथा सेट्स खरिद तथा वितरण</td><td>सन्तोष कुमार गिरी</td><td>७००००</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>५६४०००</td></tr>
</table>
</td><td>५६४,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ११ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ११.१ | | | **कानून र सञ्चालन स्थिति**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, ६ कार्यविधि लगायत १५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यक पर्ने कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ११.२ | | | **न्यायीक समिति**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो बर्ष थप भएको ६ गरी कुल ११ विवाद दर्ता भएकोमा फर्छौट नभई बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १२ | | | **आर्थिक सहायता र अन्य विविध खर्चः** | |
| १२.१ | | | **महोत्सव तथा अन्य खर्च**–स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिँदैन । तर पालिकाले यस वर्ष कुल सडक नाटक, देउडा जस्ता उत्सव, महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ७५ हजार खर्च गरेको छ । अनुत्पादक खर्चमा नियन्त्रण गरि खर्चको प्रभावकारी असर देखिनेगरी लगानी गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १२.२ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष रु. ४ लाख १० हजार ३ सय आर्थिक सहायता वितरण गरेको पालिकाले आर्थिक सहायता सम्बन्धी कानून/निर्देशिका बनाई मितव्ययी हुने गरी आर्थिक सहायता व्यवस्थित गर्नुपर्दछ। | |
| १२.३ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १७ लाख ६६ हजार ८ सय खर्च गरेको छ । विविध खर्च सम्बन्धि सिमा निर्धारण गरी मापदण्ड बनाएर खर्च गर्नुपर्दछ । | |
| १३ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १३.१ | | | **सम्पत्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्‌याबधिक गर्नुपर्दछ । साथै नेपाल सरकारको २०७७।७।२० को निर्णयानुसार लागू भएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक मात्र प्रयोग गरेको पाइएकोले सम्पत्ती व्यवस्थापनमा आवश्यक सुधार गर्नुपर्दछ । | |
| १३.२ | | | **जिन्सि दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ । पालिकाले पर्मा ट्रेस, रोटेरिङ्ग पेन, एमोनिया पेपर, फोटोकपी पेपर खरिद वापतको रकम रु. ९७,९५१।– भुक्तानी गरेकोमा खरिद आदेश, दाखिला प्रतिवेदन र जिन्सी निरीक्षणमा समेत उल्लेख नभएको हुँदा उक्त सामान खरिद भएको आधार नदेखिएकोले असूल गर्नुपर्ने रु. | ९७,९५१ |
<td>सब कन्ट्राक्टर बाट काम गराएको:<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको कुनै कामका निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाई निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.
<table>
<tr><td>योजनाको नाम</td><td>निर्माण व्यवसायीको नाम</td><td>भुक्तानी</td></tr>
<tr><td>साल्मा जगालधारा सडक</td><td>कृष्णा एण्ड तिर्सना कन्स्ट्रक्सन</td><td>२४०००००</td></tr>
<tr><td>माथिल्लो लगाम डिपबोरीङ्ग</td><td>शिव शम्भु कन्ट्रक्सन</td><td>२०००००</td></tr>
<tr><td>सिमलखेत हल्दुखेत ढुंगसोनी सडक</td><td>कृष्णा एण्ड तिर्सना कन्स्ट्रक्सन</td><td>११९१३०६</td></tr>
</table>
</td>
<td>६,६९०,२१६</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गोजि डिप बोरिङ्ग सिचाई</td><td>बान्निगडी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा ली</td><td>९४९३८५</td></tr>
<tr><td>दमारे मसाने सडक निर्माण</td><td>कृष्णा एण्ड तिर्सना कन्स्ट्रक्सन</td><td>१७९९५२५</td></tr>
<tr><td>भाम्ले वनखेत सडक ग्रावेल</td><td>थ्रि आर कन्स्ट्रक्सन</td><td>१५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६६९०२१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तीकाको पालना नभएकोः<br><br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु.१,९१,५७७।९ बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु.</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>पाठ्यपुस्तक
<table>
<tr><td>क्र.सं.</td><td>विद्यालयको नाम</td><td>विद्यार्थि संख्या</td><td>हुनुपर्ने निकासा</td><td>भएको निकासा</td><td>बढी निकासा</td></tr>
<tr><td>१</td><td>ज्ञानोदय प्रावि</td><td>१८</td><td>९३३१.२</td><td>१७२०२</td><td>७८७०.८</td></tr>
<tr><td>२</td><td>जनजगागृती मा वि तो स्रा</td><td>३३७</td><td>२४१२६४.१</td><td>२५०११८</td><td>८८५३.९</td></tr>
</table>
</td><td>५७,७७७.९</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मालिका आ वि | १६३ | १००५३४.२ | १०३२९७ | २७६२.८ |
| ४ | मनिपुर प्रा वि | ५ | २५९२ | १३२५६ | १०६६४ |
| ५ | नवदुर्गा प्रा वि | २२ | १२२३५.२ | १९६४९ | ७४१३.८ |
| ६ | नेरा प्रा वि कप्रिकाडा | ४७ | २५०४०.८ | २५६६३ | ६२२.२ |
| ७ | नेरा प्रा वि रुदेव | २३ | १२२२२.८ | १४२९३ | २०७०.२ |
| ८ | नेरा प्रा वि सिमखेत | ४५ | २३९५६ | २४६१३ | ६५७ |
| ९ | प्रावि दाक्चे | २४ | १२९४५.६ | १३४९६ | ५५०.४ |
| १० | सरस्वती प्रा वि मायाताल | १२९ | ६७९२१.४ | ७१५८६ | ३६६४.६ |
| ११ | सरस्वती प्रावि सुन्दरपुर | ४७ | २५३९१.८ | २८७६३ | ३३७१.२ |
| १२ | शान्तीदिप प्रावि गुट्ट | ३३ | १७५८०.५ | २२४७७ | ४८९६.५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३</td><td>सिर्जनशिल प्रावि लगाम</td><td>६६</td><td>३५७६५.५</td><td>३६८७३</td><td>११०७.५</td></tr>
<tr><td>१४</td><td>सुदर्शन प्रावि</td><td>३९</td><td>२०६९४</td><td>२३९६७</td><td>३२७३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५७७७७.९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>
छात्रवृत्तिः
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>हुनु पर्ने निकासा</th><th>भएको निकासा</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>देवस्थतान मा वि</td><td>३०५</td><td>१२२०००</td><td>१२४८००</td><td>२८००</td></tr>
<tr><td>२</td><td>ग्यानोदय प्रा वि दोमन</td><td>१५</td><td>६०००</td><td>१६४००</td><td>१०४००</td></tr>
<tr><td>३</td><td>जनजागृती मावि तोस्रा</td><td>१८५</td><td>७४०००</td><td>८२८००</td><td>८८००</td></tr>
<tr><td>४</td><td>जनकल्याण प्रा वि धुलिखाया</td><td>२५</td><td>१००००</td><td>१०८००</td><td>८००</td></tr>
<tr><td>५</td><td>कालिका प्रावि घाटगाउ</td><td>५९</td><td>२३६००</td><td>२५२००</td><td>१६००</td></tr>
<tr><td>६</td><td>कर्णाली प्रावि</td><td>१५</td><td>६०००</td><td>७६००</td><td>१६००</td></tr>
<tr><td>७</td><td>मालिका आवि</td><td>१११</td><td>४४४००</td><td>५४०००</td><td>९६००</td></tr>
<tr><td>८</td><td>मनेपुर प्रावि</td><td>४</td><td>१६००</td><td>१०८००</td><td>९२००</td></tr>
<tr><td>९</td><td>नवदुर्गा प्रावि बेतान</td><td>१२</td><td>४८००</td><td>१०४००</td><td>५६००</td></tr>
<tr><td>१०</td><td>नवज्योती प्रावि बेतान</td><td>९</td><td>३६००</td><td>४८००</td><td>१२००</td></tr>
</table>
</td><td>१३३,८००</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | नेराआवि धमिसेन | ५८ | २३२०० | २४८०० | १६०० |
| १२ | नेराप्रावि वेतान | २६ | १०४०० | १२००० | १६०० |
| १३ | नेराप्रावि पोखरे | ८ | ३२०० | ५६०० | २४०० |
| १४ | नेराप्रावि रुदेव | १२ | ४८०० | ५४०० | ६०० |
| १५ | नेराप्रावि दिमलखेत | २१ | ८४०० | ९२०० | ८०० |
| १६ | नेराआवि साल्माधारपानी | ७७ | ३०८०० | ४७६०० | १६८०० |
| १७ | नेराप्रावि विसौनी | २० | ८००० | ८००० | ० |
| १८ | नेराप्रावि भुडेभावर | ९४ | ३७६०० | ४७६०० | १०००० |
| १९ | पिपलचौतारा प्रावि | ४ | १६०० | ४००० | २४०० |
| २० | प्रावि देक्चा | ११ | ४४०० | ५६०० | १२०० |
| २१ | समझि प्रावि | ३३ | १३२०० | १८८०० | ५६०० |
| २२ | सरस्वती मावि घाटगाउ | ४०० | १६०००० | १६४८०० | ४८०० |
| २३ | सरस्वती प्रावि घाटगाउ | १४ | ५६०० | १५२०० | ९६०० |
| २४ | सरस्वती प्रावि सुन्दरपुर | २६ | १०४०० | १६००० | ५६०० |
| २५ | शान्तीदिप प्रावि गुटु | २० | ८००० | १७६०० | ९६०० |
| २६ | शिवालय प्रावि झाला | २९ | ११६०० | १४००० | २४०० |
| २७ | श्री नेरा मावि धनरासा | १३२ | ५२८०० | ५३२०० | ४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | सिर्जनशिल प्रावी साटा | ४९ | १९६०० | २६४०० | ६८०० |
| | जम्मा | | | | १३३८०० |

४१ **शिक्षा तर्फः**

४१.१ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | .वि.गुटू, चौकुने ६ | १८ | १८ | ६ | ७४४ |
| २ | ने.रा. प्रा.वि.वसन्ती, चौकुने ९ | ३ | ३ | १ | १११ |
| ३ | ने.रा.प्रा वि. कोइरालवास, चौकुने ६ | ३ | ३ | ३ | १०७ |
| ४ | शान्तीदिप प्रा.वि. किथौरे, चौकुने ०८ सुर्खेत | १ | १ | १ | ५१ |
| ५ | समझी प्रा.वि. तालागाउ, चौकुने १ | ३ | ३ | २ | ७४ |
| ६ | पिपलचौतारी प्रा.वि.खोप्री,चौकुने ०६ सुर्खेत | १ | १ | १ | १९ |
| ७ | ने.रा.आ.वि.भट्टेसेरा, चौकुने ८ | ४ | ४ | २ | ३७० |
| ८ | ने.रा.प्रा.वि. मणिपुर, चौकुने ०९ सुर्खेत | १ | १ | १ | ४३ |
| ९ | नवदुर्गा प्रा.वि. खारगाडी, चौकुने ३ | २ | २ | १ | ३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | देवस्थान मा.वि.कुमाला, चौकुने १० | ५ | ५ | ४ | ४४८ |
| ११ | ने.रा.आ.वि साल्मघारापानी, चौकुने ६ | ३ | ३ | २ | १४५ |
| १२ | महाकाली आ.वि वोला, चौकुने २ | ४ | ४ | २ | ३५७ |
| १३ | जगन्नाथ मा.वि. विजौरा, चौकुने ४ | १५ | १५ | ७ | ६८९ |
| १४ | ने.रा.मा.वि. धनरास, चौकुने १ | ३ | ३ | ० | २३७ |
| १५ | सिर्जनशिल प्रावि सांता, चौकुने ०१ सुर्खेत | २ | २ | २ | ७५ |
| १६ | जनजागृत मा.वि.तोस्रा, चौकुने ५ | १६ | १६ | ६ | ४०२ |
| १७ | ने.रा.प्रा वि. वाझविसौना, चौकुने ३ | २ | २ | १ | ३५ |
| १८ | जनकल्याण प्रावि धौलिखाय, चौकुने ०३ सुर्खेत | २ | २ | २ | ४७ |
| १९ | ने.रा.प्रा वि. सिमलखेत, चौकुने ३ | ३ | ३ | २ | ४५ |
| २० | नेरा मावि लगाम, चौकुने २ | १४ | १३ | ५ | ४५६ |
| २१ | ने.रा.प्रा.वि.काप्रीकांडा, चौकुने १ | २ | २ | १ | ५९ |
| २२ | मालिका प्रा वि धाच्के, चौकुने ०४ सुर्खेत | १ | १ | १ | २४ |
| २३ | ने.रा.प्रा.वि. छिनिङगैरा, चौकुने ०१ सुर्खेत | २ | २ | २ | ३७ |
| २४ | सरस्वती प्रा.वि. केवडी, चौकुने १० | २ | २ | १ | ५८ |
| २५ | कर्णाली प्रा.वि. जामुने, चौकुने ३ | २ | २ | २ | २९ |
| २६ | जनकल्याण आ.वि रेक्चा, चौकुने ५ | २ | २ | २ | ८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | ने.रा मा.वि. बेतान, चौकुने ३ | १३ | १३ | १० | ३५० |
| २८ | कालिका प्रावि कालिकास्थान, चौकुने १० सुर्खेत | १ | १ | १ | १०८ |
| २९ | ने.रा.प्रा.वि. भैरवस्थान, चौकुने ०३ सुर्खेत | २ | २ | २ | ४४ |
| ३० | बिरगौडा आ.वि घाटगांउ, चौकुने ९ | ४ | ४ | २ | ३२२ |
| ३१ | ्रसरस्वती मा.वि. घाटगांउ, चौकुने १० | १४ | १४ | ८ | ८११ |
| ३२ | मालिका आ. वि.ज्युनारीताल, चौकुने ०७ सुर्खेत | २ | २ | २ | २२३ |
| ३३ | ने.रा.मा. वि. सोभानचौर, चौकुने ३ | ३ | ३ | १ | २५९ |
| ३४ | ने.रा.प्रा वि. भुडेभावर, चौकुने ४ | ३ | ३ | २ | १५४ |
| ३५ | शिवालय प्रावि झाला ,चौकुने ०४ सुर्खेत | २ | २ | २ | ३७ |
| ३६ | ने.रा.आ.वि.पुच्माभेडिचांैर, चौकुने ४ | ३ | ३ | २ | १०६ |
| ३७ | सुर्दशन प्रावि वडासैन,चौकुने ०१ सुर्खेत | २ | २ | २ | ५१ |
| ३८ | ने.रा.प्रा. वि. रुदेव पुच्मा, चौकुने ४ | २ | २ | १ | २३ |
| ३९ | शिशु आ.वि जुम्ल्याहामुल, चौकुने ७ | ४ | ४ | २ | ३३० |
| ४० | वालज्योति प्रा.वि. तारापानी, चौकुने ६ | २ | २ | ० | ६१ |
| ४१ | ने.रा.आ.वि मोतिसेरा गुटु, चौकुने ८ | ४ | ४ | १ | १८८ |
| ४२ | लालिगुरास प्रा.वि.रानागैरा, चौकुने ५ | २ | २ | ० | ७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | ने रा आ वि धामिसैन चौकुने १ | ३ | ३ | २ | ८८ |
| ४४ | सिदेश्वरी मा.वि सान्नेधारी, चौकुने ७ | ३ | ३ | ० | ५१९ |
| ४५ | नवज्योति प्रा वि खरापु, चौकुने ३ | १ | १ | १ | १४ |
| ४६ | ने रा प्रा वि सातसल्ली, चौकुने ३ | ३ | ३ | २ | ३४ |
| ४७ | सारस्वती प्रा वि मायाताल, चौकुने ५ | ३ | ३ | १ | २०३ |
| ४८ | ज्ञनोदय प्रा वि दोभान, चौकुने ९ | २ | २ | २ | ५९ |
| ४९ | सरस्वती प्रा.वि.सुन्दरपुर धमु, चौकुने २ | २ | २ | २ | ६१ |
| | जम्मा | १९६ | १९५ | १०८ | ८९०३ |

अतः शिक्षा ऐन तथा नियमावली लगायत कानूनले तोके अनुसार विद्यार्थी शिक्षक अनुपात मिलान गरी दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ ।

४१.२

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ को ८।२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०, ५० र २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्यसम्पन्न गरी कार्यसम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविध कारण समयमा निर्माण कार्यसम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगती अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरीय निर्णय भएको जनाई च.नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण कार्यको प्राविधिकबाट कार्यसम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको उक्त रकम ८।२ को बुदा ६ अनुसार निर्माण सम्पन्न पश्चातको नाप अनुसार तयार भएको कार्यसम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नुपर्ने रु. ५,४००,०००

| क्र.सं. | विद्यालयको नाम | योजना | भुक्तानी |
|---|---|---|---|
| १ | नेरा मावि लगाम | ४ कोठे भवन | ३६००००० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२</td><td>ने रा मा वि सोभानचौर</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>५४०००००</td></tr></table></td><td></td></tr>
<tr><td>४१.<br>३</td><td></td><td></td><td>शिक्षक अनुदानः– स्थानीय सरकार संचालन ऐन, २०७४ ले पालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैन । पालिकामा अवस्थित विभिन्न विद्यालयहरुलाई दरबन्दी बाहिर ३१ जना शिक्षक, कर्मचारी तथा बालविकास कार्यकर्ता नियुक्त गरी रू. ७१,८५,०००।- खर्च लेखेको छ । सशर्त अनुदानबाट संघीय सरकारले शिक्षा क्षेत्रको खर्चको भार बहन गरिरहेको अवस्थामा पालिकाले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने वित्तीय समानिकरणबाट रू. ७१,८५,०००।- खर्च लेखेको नियम सम्मत नभएको रु.</td><td>७,१८५,०००</td></tr>
<tr><td>४१.<br>४</td><td></td><td></td><td>सेनिटरी प्याड: कार्यक्रम कार्यान्वयन निर्देशिकाको क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ सम्मका सबै छात्रालाई सेनिटरी प्याड उपलब्द गराउनु पर्नेमा पालिकाले सेनिटरी प्याड खरिद गर्न विभिन्न २१ विद्यालयलाई रु.९,१९,२००।- रकम निकासा गरेकोमा सो बाट सेनिटरी प्याड खरिद गरे नगरेको यकिन गर्न नसकिएकोले सेनिटरी प्याड खरिद गरेको विल तथा वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.</td><td>९१९,२००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>औषधी खरिदः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. २० लाख १५ हजार को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>:<br><br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>४३</td>
<td></td>
<td></td>
<td>

**स्वास्थ्य तर्फः**

**बिल भरपाई वेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>४३.१</td>
<td></td>
<td></td>
<td>
पालिकाले निम्नानुसारको कार्यक्रम संचालन भइसकेकोमा भरपाई संलग्न नरहेकोले असूल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>जिम्मेवार व्यक्ति वा संस्था</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा रु</th><th>कैफियत</th></tr>
<tr><td>१२९।२०७९।१।७</td><td>घाटगाउँ स्वास्थ्य चौकी</td><td>मातृ तथा नवशिशु कार्यक्रम</td><td>३ जना</td><td>८००</td><td>२४००</td><td>३ जनाको भरपाई नरहेको</td></tr>
<tr><td>२३७।२०७९।३।१७</td><td>बासपानी स्वास्थ्य चौकी</td><td>आमा सुरक्षा कार्यक्रम</td><td>८ जना</td><td>२८००</td><td>२७२००</td><td>८ जनाको भरपाई नरहेको</td></tr>
</table>
</td>
<td>६५,८६५</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३७।२०७९।३।१७ | गुट्टु स्वास्थ्य चौकी | आमा सुरक्षा कार्यक्रम | १ जना | ३८०० | ३८०० | १ जना बढीको भुक्तानी भएको |
| ६०३।२०७९।१।२२ | वडा कार्यालय | पाइप खरिद | ३०० मि | ५८ | १७४०० | ३०० मि को ह फा र भरपाई नरहेको |
| ६०२।२०७९।१।२२ | वडा नं ७ को कार्यालय | ज्ये ना सम्मान रेडियो वितरण | २३ | ६५५ | १५०६५ | २३ वटा रेडियोको भरपाई नरहेको |
| | जम्मा रु | | | | ६५८६५ | |

४३.२ पालिकाले निम्नानुसारका कार्यक्रममा रु. १,१७,२००।- निकासा गरेकोमा वितरण गरेको भरपाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. ११७,२००

| **भौ नं / मिति** | **जिम्मेवार समूह, शाखा तथा व्यक्ति** | **विवरण** | **जम्मा रकम** |
|---|---|---|---|
| ५।२०७९।१।७ | स्वास्थ्य चौकी विजौरा | सुत्केरी पोषण कार्यक्रम | ३०००० |
| १२९।२०७९।१।७ | स्वास्थ्य चौकी बासपानी | मातृ तथा नवशिशु कार्यक्रम | ३७२०० |
| ७८५।२०७९।३।१७ | पशु स्वास्थ्य शाखा | पशु शिविरमा औषधी खरिद | ५०००० |
| | जम्मा रु | | ११७२०० |

४३.३ पालिकाले निम्न अवस्थाको विल भरपाई पेश गरी भुक्तानी गरेको देखिएकोले सक्कल विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. २,१५४,८८३

| क्र.सं. | भौ.नं. मिति | भुक्तानी पाउने व्यक्ति।फर्म | विलभरपाईको अवस्था | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १०७-२०७८।१२।२ | नारायण आयल स्टोर | वि.नं.१५७५ मिति २०७८।१२।१ को सक्कल विजक नभएको | ५९८५०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>२२-२०७८।११।८</td><td>शिवालिक साईन्स</td><td>स्वास्थ्य चौकि ल्याब सामग्री खरिद गर्दा विल भरपाई नभएको</td><td>१५००००</td></tr>
<tr><td>३</td><td>७३-२०७८।१२।३०</td><td>नारायण आयल स्टोर</td><td>वि.नं.१७७८मिति २०७८।१२।२९ को सक्कल विजक नभएको</td><td>४९४९२३</td></tr>
<tr><td>४</td><td>६५-२०७९।३।१०</td><td>नारायण आयल स्टोर</td><td>वि.नं. २४६८ मिति २०७९।३।८ को सक्कल विजक नभएको</td><td>८६४०००</td></tr>
<tr><td>५</td><td>१७८-२०७८।९।१</td><td>मिन बहादुर भण्डारी</td><td>५० थान झोला खरिद गरी वितरण नगरेको</td><td>४७४६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२१५४८८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३.४</td><td>८</td><td>२०७९-३-१७</td><td>पालिकाले सुत्केरी पोषण कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका स्वास्थ्य संस्थाहरुलाई भुक्तानी गरेको रकम मा सुत्केरी संख्या तथा सो सँग सम्बन्धित भरपाई समावेश नरहेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित स्वास्थ्य संस्थाहरुबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>स्वास्थ्य चौकीको नाम</th><th>प्रयोजन</th><th>जना</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>स्वास्थ्य चौकी बासपानी</td><td>पोषण भत्ता वितरण</td><td>७</td><td>२०००</td><td>१४०००</td></tr>
<tr><td>स्वास्थ्य चौकी बेतान</td><td>पोषण भत्ता वितरण</td><td>१४</td><td>२०००</td><td>२८०००</td></tr>
<tr><td>स्वास्थ्य चौकी विजौरा</td><td>पोषण भत्ता वितरण</td><td>१६</td><td>२०००</td><td>३२०००</td></tr>
</table>
</td><td>२०८,०००</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>स्वास्थ्य चौकी घाटगाउँ</td><td>पोषण भत्ता वितरण</td><td>२८</td><td>२०००</td><td>५६०००</td></tr>
<tr><td>स्वास्थ्य चौकी गुटु</td><td>पोषण भत्ता वितरण</td><td>३९</td><td>२०००</td><td>७८०००</td></tr>
<tr><td>जम्मा रु</td><td></td><td></td><td></td><td>२०८०००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४४</td>
<td></td>
<td></td>
<td>
बहाल करः<br><br>
आयकर ऐन, २०५८ को दफा ८८ (२) मा तोकिए बमोजिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । औषधी तथा अन्य सामाग्री ढुवानी गर्दा नियमानुसार १० प्रतिशतका दरले हुन आउने बहाल कर सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>प्रयोजन</th><th>भुक्तानी रकम</th><th>बहाल कर</th><th>कैफियत</th><th>असुल गर्नुपर्ने व्यक्ति</th></tr>
<tr><td>४८।२०७८।७।१२</td><td>आलु विउ ढुवानी</td><td>३१०००</td><td>१३००</td><td>छुट भएको</td><td>हेमन्त भण्डारी</td></tr>
<tr><td>५४।२०७८।७।१३</td><td>सामाग्री ढुवानी</td><td>१०४००</td><td>१०४०</td><td>कर कट्टी नभएको</td><td>मिन बहादुर भण्डारी</td></tr>
<tr><td>९०६।२०७९।३।३०</td><td>कागति विरुवा ढुवानी</td><td>४००००</td><td>४०००</td><td>कर कट्टी नभएको</td><td>हेमन्त भण्डारी</td></tr>
<tr><td>८७१।२०७९।३।२२</td><td>सामाग्री ढुवानी</td><td>८०००</td><td>८००</td><td>कर कट्टी नभएको</td><td>सन्तोष कुमार गिरी</td></tr>
<tr><td>२०७८।१०।१८</td><td>सामाग्री ढुवानी</td><td>८०००</td><td>८००</td><td>कर कट्टी नभएको</td><td>सन्तोष कुमार गिरी</td></tr>
</table>
</td>
<td>१५,०८१</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८।१०।२९</td><td>सामाग्री ढुवानी</td><td>८०००</td><td>८००</td><td>कर कट्टी नभएको</td><td>सन्तोष कुमार गिरी</td></tr>
<tr><td>२०७९।२।१८</td><td>सामाग्री ढुवानी</td><td>८०००</td><td>८००</td><td>कर कट्टी नभएको</td><td>सन्तोष कुमार गिरी</td></tr>
<tr><td>४६७।२०७८।११।३०</td><td>सामाग्री ढुवानी</td><td>१९८१०</td><td>१९८१</td><td>कर कट्टी नभएको</td><td>मिन बहादुर भण्डारी</td></tr>
<tr><td>४२१।२०७८।११।१८</td><td>सामाग्री ढुवानी</td><td>७६००</td><td>७६०</td><td>कर कट्टी नभएको</td><td>मिन बहादुर भण्डारी</td></tr>
<tr><td>३००।२०७९।३।३२</td><td>औषधी ढुवानी</td><td>१००००</td><td>१०००</td><td>कर कट्टी नभएको</td><td>इन्द्र बहादुर जैसुरी</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td>१५०८१</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>अनुदानको अनुगमनः<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td>२२५</td><td>२०७९-३-२२</td><td>टपरी मेसिन:</td><td>३६०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले खरिद गर्दा खरिद योजना बनाई अवश्यक पर्ने तथा प्रयोजनमा आउने सामान मात्र खरिद गर्नु पर्दछ । पालिकाले पात बाट टपरी बनाउने मेसिन खरिद गरी मनिकेज मार्केटिङ्ग विजिनेश प्रा. लि. लाई रु. ३,६०,०००|- भुक्तानी गरेकोमा सो को प्रयोग नआई पालिकाकै जिन्सीमा थन्किएर बसेको देखिएकोले अनावश्यक मेशिन खरिद गर्ने निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मेसिन प्रयोग को प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>वितरणमुखि खर्च:<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले रु. १,८५,०००|- को विभिन्न किसिमका वितरणमुखी सामाग्री खरिद गरी वितरण गरेको छ । यस्तो खर्चले पालिकाको दीर्घकालीन पुँजी निर्माण हुने देखिँदैन । वितरण कार्यक्रम वास्तविक लक्षित समूहको छनौट एवं पहिचान पारदर्शी देखिँदैन । वास्तविक आवश्यकता र मापदण्ड तय नगरी खर्च गरेको यस्तो कार्यक्रम नियन्त्रण हुनुपर्दछ।
<table>
<tr><td>क्र.सं.</td><td>भौ.नं. मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>२६५-२०७८|९|२७</td><td>जेष्ठ नागरीकलाई कमल</td><td>३५०००</td></tr>
<tr><td>२</td><td>२९४-२०७८|१०|६</td><td>जेष्ठ नागरीकलाई कमल</td><td>१५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>अन्य संस्था खर्चः<br><br>सरकारी श्रोत तथा सम्पतीको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ । पालिकाले निम्नानुसारको आफ्नो जिम्मेवारी तथा मातहत तथा प्रयोगमा नरहने संघसंस्था लाई अनुदान वापत दिएको रु. ९,५०,०००|- खर्च औचित्यपूर्ण देखिएन । सहकारी संस्थाहरु एक अविछिन्न संस्था भएकोले पालिकाबाट लगानी गर्न मिल्ने नदेखिएको रु.
<table>
<tr><td>क्र.सं.</td><td>संस्थाको नाम</td><td>भुक्तानी</td></tr>
</table></td><td>९५०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>जनउत्थान कृषि सहकारी संस्था</td><td>१५००००</td></tr>
<tr><td>२</td><td>सामुदायिक कृषि सहकारी भवन निर्माण</td><td>८०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>प्रविधि हस्तान्तरण:<br><br>गाउँपालिकाले संचालन गरेको प्रविधि हस्तान्तरणको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>लागत सहभागिता गरिबी निवारण तथा लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा उद्यमिले कबोल अंकको २० प्रतिशत वेहोर्नु पर्नेमा सो भन्दा कम बेहोरेको देखिएकोले असुल गर्नु पर्ने रु.<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>फर्मको नाम</th><th>कबोल रकम</th><th>बेहोर्नु पर्ने रकम</th><th>बेहोरेको रकम</th><th>बेहोर्न बाकि रकम</th></tr>
<tr><td>१</td><td>२५१-२०७९।३।२</td><td rowspan="2">शिव हिमाल दाजुभाइ कृषि तथा पशुपंक्षी फर्म</td><td>१६७०४०</td><td>३३४०८</td><td>२७८४०</td><td>५५६८</td></tr>
<tr><td>२</td><td>६६-२०७९।३।२०</td><td>४२८४००</td><td>८५६८०</td><td>७१४००</td><td>१४२८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१९८४८</td></tr>
</table>
</td><td>१९,८४८</td></tr>
<tr><td>४९.२</td><td></td><td></td><td>बाख्रा वितरण: गरिबी निवारण तथा लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१ (२) मा उद्यमीलाई उद्योगको प्रकृती, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराउने उल्लेख छ । पालिकाले उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि हस्तान्तरण गर्नुपर्नेमा ४२ वटा बाख्रा वितरण गरी रु. ४,९६,२००।- भुक्तानी गरेको नियम सम्मत नभएको रु.</td><td>४९६,२००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सामाजिक सुरक्षाः</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५०. १ | | | **विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समीक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |
| ५०. २ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानिय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |
| ५०. ३ | | | **सामाजिक सुरक्षातर्फ निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको र लाभग्राहीको लगतकट्टा नगरी बढी खर्च गरेका छन । तसर्थ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार लाभग्राहीको लागि सामाजिक सुरक्षा भत्ता नबिल बैङ्क पठाएकोमा मिति २०७९।९।२१ मा रु. २,९९,७३५।६ रकम फिर्ता गरेको छ । | |
| ५०. ४ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| ५१ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br><br>बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु. १,०००।- र त्यसपछि मासिक रु. ५,०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी | |

<table>
<tr><td></td><td></td><td></td><td>कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन विचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंक खातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनुपर्नेमा पालिकामा ४३२ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु. २५ लाख ३५ हजार रकम पठाएको हुँदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक तथा बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकीकरण गरेको छैन । अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४८४ जनालाई रोजगारी उपलव्ध गराई रु. ३ करोड २ लाख ६६ हजार ८ सय ९० रुपैयाँ खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ११५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।
<table>
<tr><td>वडा नं</td><td>कार्यक्रम/योजना संचालन</td><td>रोजगार संख्या</td><td>कुल खर्च रकम</td><td>तलबमा खर्च भएको रकम</td></tr>
<tr><td>१-९</td><td>५०</td><td>४८४</td><td>३०२६६८९०</td><td>५३८६९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>मुख्यमन्त्रि रोजगार कार्यक्रमः</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५३.१ | | | **अनुगमन भत्ता**: मुख्य मन्त्रिरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा ११(२) मा कन्टिन्जेन्सी खर्चबाट सम्बन्धित आयोजनाको अनुगम मुल्यांकन, श्रमिकको सामुहिक दुर्घटना बिमा, प्राविधिकको पारिश्रमिक र प्रशासनिक शिर्षकमा मात्र खर्च गर्न मिल्ने उल्लेख छ । पालिकाले उक्त कार्यविधि विपरीत मुख्यमन्त्रि रोजगार कार्यक्रम बाहेकका विभिन्न योजनाको अनुगमन गरे वापत २८ जना कर्मचारीलाई अनुगमन खर्च भनी रु.१,७५,५४०।- भुक्तानी गरेको देखिएकोले नियमित गर्नु पर्ने रु. | १७५,५४० |
| ५३.२ | | | **विविध खातामा जम्मा:** मुख्य मन्त्रिरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा ११(२) मा कन्टिन्जेन्सी खर्चबाट सम्बन्धित आयोजनाको अनुगम मुल्यांकन, श्रमिकको सामुहिक दुर्घटना बिमा, प्राविधिकको पारिश्रमिक र प्रशासनिक शिर्षकमा मात्र खर्च गर्न मिल्ने उल्लेख छ । पालिकाले उक्त कार्यविधि विपरीत कन्टिन्जेन्सी वापतको रु.३५,४६०।- विविध खर्च खातामा जम्मा गरेको देखिएकोले प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ३५,४६० |
| ५४ | | | **विपद व्यवस्थापनः**<br><br>• **समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br>• **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्ने लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br>• **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन | |

<table>
<tr><td></td><td></td><td></td><td>सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले यस बर्ष विपद व्यवस्थापन कोषमा रु ७ लाख २५ हजार आम्दानी बाँधेकोमा रु ३१ हजार खर्च गरी रु ६ लाख ९३ हजार पालिकाले कोष संचालन गर्ने सम्बन्धमा ऐन नियम कार्यविधि एंव मापदण्ड तयार गरेको पाइएन । मापदण्ड बनाएर मात्र कोष संचालन गर्नुपर्दछ ।<ul><li>वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</li></ul></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>खर्च शीर्षक फरक पारेकोः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । निम्न बमोजिमको रकम खर्च शीर्षक फरक पारी भुक्तानी दिएकोले नियमित गर्नुपर्ने रु.<table>
<tr><th>भौ नं / मिति</th><th>भुक्तानी भएको शीर्षक</th><th>हुनुपर्ने शीर्षक</th><th>भुक्तानी रु</th></tr>
<tr><td>६१।२०७८।७।१३</td><td>विविध खर्च</td><td>मर्मत सम्भार</td><td>१९०००</td></tr>
<tr><td>८१५।२०७९।३।२०</td><td>कार्यालय व्यवस्थापन</td><td>विविध खर्च</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td>६९०००</td></tr>
</table></td><td>६९,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>डकुमेन्ट्री निर्माण:<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । सरकारी खर्च गर्दा उचित प्रतिफल दिने क्षेत्रमा खर्च गर्नुपर्दछ । पालिकाले डकुमेन्ट्रि निर्माण गर्न ओपन खवर मिडिया सँग सम्झौता गरी रु. ८,९६,४७०।- भुक्तानी गरेकोमा उकत डकुमेन्ट्रि उदेश्य</td><td>८९६,४७०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिम प्रभावकारी हुने देखिएन । लागत अनुमान तयार गर्न कुनै नर्म्स आधार लिएको छैन । मिडियाले पेश गरेको ४२:०५ मिनेटको भिडियोमा पालिकाका सामान्य ठाउँहरुको मात्र चित्रण गरेको देखिन्छ । सरकारी खर्च प्रभावकारी र उत्पादनमुलक क्षेत्रमा मितव्ययी तरिकाले खर्च गर्नुपर्नेमा कार्यालयको आवश्यकता नभएको क्षेत्रमा खर्च गर्ने गरी निर्णय गर्ने तथा सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु. | |
| ५७ | | | **आन्तरिक आय तथा राजस्वः** | |
| ५७.१ | | | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | २२१७१५ | ४४ |
| सम्पत्ति कर | ३६४४७९६ | ३६४४७९६ | १०० |
| घर वहाल कर | २००००० | ७२० | ० |
| वहाल विटौरी कर | २००००० | ५७५७० | २९ |
| जम्मा | ४५४४७९६ | ३९२४८०१ | ८६ |

| | | | | |
|---|---|---|---|---|
| ५७.१ (क्रमशः) | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |
| ५७.२ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४५ लाख ४४ हजार ७९६ लाख प्राप्त हुने | |

<table>
<tr><td></td><td></td><td></td><td>प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ३९ लाख २५ हजार अर्थात अनुमानको ८६ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक छ ।</td><td></td></tr>
<tr><td>५७.<br>३</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>४७६४३१८९१</td><td>३९२४८०१</td><td>०.८२</td></tr>
</table>
<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८२ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५७.<br>४</td><td></td><td></td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकाले अद्यावधिक गरी रकम यकिन गरेको छैन । अघिल्लो आर्थिक वर्षको बाँकी रसिदको अवस्था यकिन छैन । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी आम्दानी भएको राजस्व यकिन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>५७.<br>५</td><td></td><td></td><td>राजश्व दाखिला: आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोली पल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ५८ | | | अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रकम रु हजारमा<br><table><tr><td>गत वर्ष सम्मको बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</td><td>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</td></tr><tr><td>२०९३२१</td><td>०</td><td>२०९३२१</td></tr></table> | |
| ५९ | | | अद्यावधिक वेरुजु<br><br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br><br>रकम रु हजारमा | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २०९३२१ | ० | ९३९२३ | ० | ३०३२४४ |